२०७५ सालको ऐन नं. २

# डिलासैनी गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँ सभाबाट स्वीकृत मिति :२०७५।०३।२६

डिलासैनी गाउँपालिका

## उद्देश्य र कारण

डिलासैनी गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँ कार्यपालिका तथा विषयगत कार्यालयहरुका साथै सम्पूर्ण विषयक्षेत्रमा न्यायोचित वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई डिलासैनी गाउँपालिकाका सवै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र डिलासैनीको सन्तुलित विकासको माध्यमबाट डिलासैनीबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

**(पार्वतिकुमारी भण्डारी राना)**
**उपाध्यक्ष,**
**डिलासैनी गाउँपालिका**

## डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक

**सभाबाट स्वीकृत मितिः २०७५।०३।२६**
**प्रमाणीकरण मितिः २०७५।०३।२८**

**प्रस्तावनाः** डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम डिलासैनी गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “डिलासैनी गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३३,८८,१०,०००।- (अक्षेरुपी तेत्तिस करोड अठासी लाख दश हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त डिलासैनी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने बजेट उपशीर्षकबाट नपुग हुने उपशीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ। एउटै बजेट उपशीर्षकभित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा कार्यपालिकाले जति पनि रकम रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक बजेट उपशीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची-१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**<u>संञ्चित कोषबाट विनियोजन हुने रकम</u>**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका | ४९४२५।०४ | ५४१५० | | १०३५७५।०४ |
| २ | | १ नं वडा समिति | १९९५।१४ | ३७५७ | | ५७५२।१४ |
| ३ | | २ नं वडा समिति | १६८९।५० | ३७५२।५ | | ५४४२ |
| ४ | | ३ नं वडा समिति | २०३६।१२ | ३७६५ | | ५८०१।१२ |
| ५ | | ४ नं वडा समिति | १९८५।१२ | ३७६६।५ | | ५७५१।६२ |
| ६ | | ५ नं वडा समिति | १९६१।७४ | ३७६२।८० | | ५७२४।५४ |
| ७ | | ६ नं वडा समिति | १७१४ | ३७१२।८० | | ५४२६।८० |
| ८ | | ७ नं वडा समिति | १८९६।७४ | ३७५७ | | ५६५३।७४ |
| ९ | | गाउँपालिका युवा स्वरोजगार कार्यक्रम | | | ६८४७ | ६८४७ |
| १० | | डिलासैनी गाउँपालिका समपूरक कोष | ५००० | १३००० | | १८००० |
| ११ | | डिलासैनी गाउँपालिका विपद व्यवस्थापन कोष | १६०० | | | १६०० |
| १२ | | कर्मचारी कल्याणकारी कोष | २०० | | | २०० |
| १३ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ११५१०९ | १२४९१ | | १२७६०० |
| १४ | | सामाजिक सुरक्षा कार्यक्रम | ४०००० | | | ४०००० |
| १५ | | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४३६ | | | १४३६ |
| कूल जम्मा | | | २२६०४८।४ | १०५९१४।६ | ६८४७ | ३३८८१० |